Reliable Life INSURANCE LTD. ...Reliable Forever

# रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड
# Reliable Nepal Life Insurance Limited

प्रधान कार्यालय, ज्ञानेश्वर, काठमाडौं
फोन नं. ०१-४५२३६१८, ४५२३६३०, फ्याक्स नं. ०१-४४२३६५७
Email: info@reliablelife.com.np, Website: www.reliablelife.com.np

## नबौं वार्षिक साधारण सभा बस्ने वारे सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०७)**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०८२/०९/०६ गते बसेको संचालक समितिको १६६ औं बैठकको निर्णयानुसार नबौं बार्षिक साधारण सभा निम्न स्थान, मिति र समयमा देहायका बिषयमा छलफल गर्न बस्ने भएकाले कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं रितपूर्वकको प्रतिनिधि वा शेयरधनी स्वयंको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

### सभा हुने मिति, समय र स्थान :

स्थान : एलिस रिसेप्सन्, गैह्रीधारा, काठमाडौं।
मिति : २०८२/०९/२९ गते मंगलबार, तद्अनुसार १३ जनवरी २०२६
समय : विहानको ११:०० बजे

### छलफलका विषयहरु :

**(१) सामान्य प्रस्तावहरु :**

(क) संचालक समितिको नबौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको Statement of Financial Position, Statement of Cash Flow, Statement of Change in Equity, २०८१ श्रावण १ गतेवाट २०८२ आषाढ मसान्तसम्मको Nepal Financial Reporting Standard (NFRS) अनुसारको Statement of Profit or Loss, Consolidated Statement of Other Comprehensive Income, Statement of Distributable Profit or Loss तथा संलग्न अनुसुचिहरु उपर छलफल गरी पारीत गर्ने।

(ग) यस कम्पनीको सहायक कम्पनी रिलायवल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लिमिटेडको आ.व. २०८१/०८२ को वित्तीय विवरणहरु सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने।

(घ) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को लागि लेखापरीक्षण समितिवाट सिफारीस गरिएका लेखापरीक्षक नियुक्त, गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (हालका लेखापरीक्षक श्री सुजन काफ्ले एण्ड एसोसिएटस, चार्टडएकाउन्टेन्ट् पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)।

(ङ) संचालकको नियूक्ती अनुमोदन गर्ने।

(च) कम्पनीको आ.व. २०८१/८२ सम्मको वितरण योग्य मुनाफाबाट वार्षिक साधारण सभाको लागि शेयरधनीहरुको दर्ता किताव बन्द हुँदा कायम रहने शेयरधनीहरुलाई रु.६२,३६,३९,३८५।६० (अक्षेरेपि बैसठ्ठी करोड छत्तीस लाख उनान्चालीस हजार तीन समय पचासी रुपैया साठी पैसा) मात्र नगद लाभांश प्रस्ताव स्वीकृत गर्ने।

**(२) विविध :**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

### साधारणसभा सम्बन्धी थप जानकारी

**१. वार्षिक साधारण सभाको प्रयोजनको लागि शेयरधनीहरुको दर्ता किताव मिति २०८२/०९/२१ गते १ (एक) दिनका लागि वन्द रहनेछ र सो बमोजिम मिति २०८२/०९/२१ गतेको अघिल्लो दिन अर्थात मिति २०८२/०९/२० गते सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई प्रचलित नियमानुसारको समयावधि भित्र यस कम्पनीमा प्राप्त गरेको शेयर नामसारीको लिखतको विवरणका आधारमा शेयर दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र वार्षिक साधारण सभामा भाग लिन, मतदान गर्न तथा लाभांश प्राप्त गर्नको लागि योग्य रहनु हुनेछ।**

२. सभामा उपस्थित हुनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परीचय खुल्ने कागजात संगै लिएर आउनुहुन अनुरोध गरीन्छ।

३. सभामा आफै उपस्थित हुन नसक्ने शेयरधनीले सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सो प्रतिनिधि पत्र (प्रोक्सी) सभा शुरु हुनु भन्दा ४८ घण्टा अगाबै कम्पनीको केन्द्रीय कार्यालय, ज्ञानेश्वरमा भर्च्यूयल माध्यमवाट समेत प्रोक्सी दर्ता गर्न सकिने छ।

४. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः वदर हुनेछ तर प्रतिनिधि पत्र (प्रोक्सी) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधि पत्र (प्रोक्सी) वदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी तोकिएको म्याद भित्रै छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियूक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छन्। त्यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः बदर भएको मानिने छ।

५. प्रतिनिधि मुकरर गर्दा आंशिक रुपमा मुकरर गर्न पाईने छैन।

६. साधारण सभाको हाजिरी पुस्तिका उत्त दिनको १०:०० वाट १२:०० बजे सम्म खुल्ला रहनेछ।

७. शेयरधनी महानुभावहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले व्यक्तिगत वा सामूहिक रुपमा उत्तर दिन सक्नेछ।

८. यस साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रीय कार्यालय ज्ञानेश्वर, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

९. नबौं वार्षिक प्रतिवेदन कम्पनीको वेभसाइट www.reliablelife.com.np मा पनि उपलब्ध हुनेछ।

१०. सुरक्षाको कारणवाट सभाहलमा आउँदा शेयरधनी महानुभावहरुले छाता, झोला, व्याग जस्ता वस्तुहरु लिएर नआउनु हुन तथा सुरक्षा कर्मिहरुलाई सुरक्षा जाँचमा सहयोग गरीदिनुहुन अनुरोध छ।

११. संयूक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीको लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले वा सर्वसम्मत्तीवाट आफु मध्ये नियूक्त गरिएको एक जना शेयरधनीले मात्र सभामा भाग लिन सक्नु हुनेछ।